# जिल्ला खाद्य सुरक्षा बुलेटिन, सुर्खेत

## अवधि: श्रावण - कार्तिक २०७१


## जिल्ला खाद्य सुरक्षा सञ्जालको बैठक मिति: ७ पौष २०७१

नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

## प्रभाव परिणम

| खाद्य उपभोग | जिविकोपार्जन तथा निर्वाहपद्धति | तीव्र बालकुपोषण |
|---|---|---|
| जिल्ला खाद्य सुरक्षा सञ्जालले समुह-ख, र समुह-ग, क्षेत्रमा क्रमश ६० देखी ८० र ४० देखी ६० प्रतिशत घरधुरीहरुले मात्र आधारभुत खाद्यबस्तु उपभोग गरिरहेको अनुमान गरेको छ । समुह-ग, क्षेत्रमा त्यस्तो अवस्था श्रृजना हुनाको मुख्य कारणहरुमा बर्षे बालीको उत्पादनमा कमि हुनु र बाढी पहिरोको कारण घरधुरीमा संचित रहको खाद्यबस्तुहरु नोक्सान हुनु नै हो । खाद्य सुरक्षा सञ्जालले जनाए अनुसार श्रावण महिनामा भएको भारी बर्षा र त्यसपछि आएको भिषण बाढी र पहिरोले बर्षे बालीको उत्पादनमा ४० देखी ६० प्रतिशत्सम्म नोक्सान भयो । | जिल्ला खाद्य सुरक्षा सञ्जालका अनुसार खाद्य सुरक्षा चरण-३ मा परेका गाविसहरुमा ५,८१८ घरधुरीहरु पूर्ण तथा आंशिक रुपमा क्षति भए र बर्षे बालीको उत्पादनमा ९० प्रतिशतसम्म नोक्सानी भयो । प्रभावित घरधुरीहरुले खाद्य तथा गैह्र खाद्यबस्तुका लागि आन्तरिक तथा बाह्य सहयोगमा निर्भर रहनु पऱ्यो, भने संगसंगै श्रृण काढ्ने, अैचोपैचो तथा सरसापट गर्ने, कम रुचिकर खाना खाने जस्ता निर्वाहपद्धतिका चरम उपायहरु अपनाउनु पऱ्यो । | यस अवधिमा तीव्र बालकुपोषण सम्बन्धि दुव्लोपना तथा ख्याउटेपनको नियमित सूचना प्राप्त भएन । यधपि, सुर्खेतमा गरिएको लघु क्षेत्र अनुमान (Small Area Estimation) को अध्ययन अनुसार ख्याउटेपना तथा दुव्लोपनाको तह १० प्रतिसत रहेको र इलाका स्तरमा घटिमा ४ प्रतिशत देखी बढीमा १२ प्रतिशत सम्म रहेको तथ्य प्राप्त भएकोछ । बाढी पहिरोले खानेपानी तथा सरसफाइका संरचनाहरु ध्वस्त वनाएको हुनाले स्वास्थ्या तथा सरसफाइको अवस्था नाजुक रहेको थियो । |

## खाद्य सुरक्षा चरण बर्गिकरण नक्सा तथा अनुमानित खाद्य असुरक्षित जनसंख्या




| चरण–३ क्षेत्रमा भएका गाविसहरु | जम्मा जनसंख्या (केन्द्रिय तथ्यांक विभाग २०११) | चरण–३ क्षेत्रका गाविसहरुको अनुमानित जनसंख्या |
|---|---|---|
| घाटगाउँ | ५,००४ | ५,००४ |
| तातोपानी | ५,५८७ | ५,५८७ |
| तरंगा | ५,२२२ | ५,२२२ |
| हरिहरपुर | ४,५८१ | ४,५८१ |
| लेखपराजुल | ८,८९६ | ८,८९६ |
| धारापानी | ३,०७५ | ३,०७५ |
| जम्मा प्रभावित जनसंख्या | ३२,३६५ | ३२,३६५ |
| जिल्लाको जम्मा जनसंख्या | ३५,०८०४ | ३५,०८०४ |
| प्रभावित जनसंख्या (प्रतिशतमा) | | ९.२२ |

**स्रोत: जिल्ला खाद्य सुरक्षा सञ्जाल**

**प्रमुख कारण, सन्दर्भ तथा मूख्य बुँदाहरु:** श्रावण २०७१ को अन्तिम सातामा परेको मुसलधारे बर्षाको कारणले आएको बाढी तथा पहिरोले गर्दा मध्य पश्चिमाञ्चल विकास क्षेत्रका नराम्ररी प्रभावित चार वटा जिल्ला मध्ये सुर्खेत एक थियो । जिल्ला खाद्य सुरक्षा सञ्जाल सुर्खेतले बाढी पहिरोका कारण खाद्य सुरक्षा अवस्था बिग्रन गएको ठहर गर्दै **६ वटा गाविस** (धारापानी, लेखपराजुल, तरंगा, हरिहरपुर, तातोपानी र घाटगाउँ) हरुलाई **अधिकतम् खाद्य असुरक्षित (चरण-३)** अवस्थामा बर्गिकरण गऱ्यो । यसप्रकार ती गाविसहरुका ३२,३६५ जना मानिसहरु (जिल्लाको जनसंख्याको ९.२२ प्रतिशत्) खाद्य सुरक्षा चरण-३ मा रहेको जानाइएकोछ । बाढी पहिरो लगत्तै बसेको जिल्ला खाद्य सुरक्षा सञ्जालको वैकल्पिक बैठकले ६३ प्रतिशत जनसंख्या खाद्य सुरक्षा चरण-४ मा परेको रिपोर्ट गरेको थियो । तत्पश्चात नेपाल सरकार, रेडक्रस, संयूक्त राष्ट्रसंघिय संस्थाहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु र स्थानिय निकायहरुको समन्वयात्मक पहलमा गरिएको तत्कालिन सहयोगका कारण हाल आएर खाद्य सुरक्षा अवस्थामा क्रमश: सुधार आएकोछ । यसै प्रकारले **९ वटा गाविसहरु** (मालारानी, साहरा, नेटा, साटाखानी, रातु, कुनाथरी, लेखगाउँ, बावियाचौर र छाप्रे) मध्यमस्तरीय खाद्य असुरक्षित (चरण-२) अवस्थामा बर्गिकृत भए । जिल्ला खाद्य सुरक्षा सञ्जालको तत्काल बसेको बैकल्पिक बैठकले यी गाविसहरुलाई **अधिकतम खाद्य असुरक्षित् (चरण-३) मा** बर्गिकृत गरेको थियो । तर विभिन्न संघसंस्थाको राहत सहायताका कारण खाद्य सुरक्षा अवस्थामा सुधार आयो । जिल्ला खाद्य सुरक्षा सञ्जालले बाँकी रहेका ३३ गाविसहरु न्यूनतम खाद्य असुरक्षित (चरण-१) अवस्थामा बर्गिकृत गरेको छ । यसको प्रमुख कारणहरुमा बर्षे बाली भित्रिनु, कृषिजन्य बस्तु (तरकारी तथा नगदेबाली), पशु पालनको बेचबिखन, दुध तथा दुधजन्य उत्पादन बिक्रि आदि हुन । दैनिक ज्यालादारी र विप्रेषणबाट भएको आम्दानीले समेत् घरधुरीको खाद्य सुरक्षामा योगदान पुग्यो ।

## पुर्वानुमान

जिल्ला खाद्य सुरक्षा सञ्जालले गरेको पूर्वानुमान अनुसार मंसिर-फाल्गुण २०७१ मा जिल्लाको खाद्य सुरक्षा अवस्था यथावत् रहनेछ । यसर्थ जिल्लाका ६ गाविसहरु (धारापानी, लेखपराजुल, हरिहरपुर, तरंगा, तातोपानी र घाटगाउँ) जुन उच्चतम खाद्य असुरक्षित मा छन् ती गविसहरु हालको चरण-३ मा अवस्थामा नै रहने अनुमान छ । यसैगरी अन्य मध्यमस्तरीय खाद्य असुरक्षित अवस्थामा रहेका ९ गाविसहरु ( चरण-२) मा नै रहनेछन् ।

हाल चरण-३ मा रहेका गाविसहरुका घरधुरीहरुमा एक महिनाको लागि मात्र खाद्यान्न सञ्चिती रहेको र त्यहाँ न्यून क्रयशक्ति हुनाको साथै आम्दानीका स्रोतहरु समेत कमि छ । मंसिर- फाल्गुणको समय कृषि उत्पादन नभित्रने समय हो । यसै गरी यस अवधिमा तरकारी तथा गैह्र काष्ठ वन पैदावरको बिक्रि वितरण समेत न्यून हुने अपेक्षा गरिएकोछ ।

प्रभावित घरधुरीहरुले पशु तथा अन्य धन सम्पत्तिको बेचबिखन गरेर, बीउबिजनको उपभोग गरेर र अन्य परम्परागत निर्वाहपद्धति अपनाएर जिविकोपार्जन गर्ने अनुमान छ ।


थप जानकारीका लागि सम्पर्क: जिल्ला खाद्य सुक्षा सञ्जालको सचिवालय, जिल्ला कृषि विकास कार्यालय, सुर्खेत ।


DFSN affiliate members: DAO, DADO, DDC, DLSO, DFO, WCDO, DEO, DPHO, NFC, DCCI, WFP, NRCs, CEPREAD, Civil Society, Farmers Representative


यो परियोजना युरोपियन युनियनको सहयोगमा संचालित छ । यस बुलेटिनमा प्रकाशित विचारहरुले युरोपियन युनियनको विचारहरुलाई प्रतिबिम्बित गर्दछ भन्ने कुनै जरुरी छैन ।